# ११ चर्चले थाहापाउन्

*<u>यस अध्यायको निम्ति पढ्नुहोस्:</u>* प्रेरित ४:१-३१, २१:१९-२५, १ कोरन्थी ९:१९-२३, गन्ती १३:१७-३३, प्रेरित ११:१-१८।

*<u>स्मरण गर्नुपर्ने पद:</u>* "चेलाहरू येशूको वरिपरि जम्मा भए। अनि तिनीहरूले आफूहरूले गरेका सबै काम र सिकाएका कुराहरू उहाँले भने।" (मर्कूस ६:३० रूपान्तरित)।

<u>मूल सोच:</u> सुरूको चर्चमा कस्ता कामहरू कसरी भए भनेर प्रेरितहरूको कामको पुस्तक भरिएको छ। अहिलेको परिस्थितिमा पनि हामीलाई धेरै कुराहरू त्यस पुस्तकले सिकाउँदछ।

**येशूको पुनरुत्थानपछि हजारौं मानिसहरूले उहाँलाई मुक्तिदाता भनेर ग्रहण गर्न थालेका थिए । सुरूवातमा भएको चर्चको वृद्धिले धेरैले प्रेरितहरूको पुस्तक पढ्न आवश्यक ठानेका थिए।** प्रेरितहरूको पुस्तकमा चर्चका धेरै पक्षहरू समेतेका छन्, जस्तै चर्चको बिकास, विदेशमा सुसमाचारको प्रचार, चर्च कसरी संचालन गर्ने, यत्रतत्र सुसमाचारको प्रसार कसरी भयो आदि। जसले त्यस पुस्तकलाई पढेका थिए तिनीहरूले उपरोक्त विषयहरूको बारेमा धेरै जान्न मौका पाएका थिए। तर सुसमाचार प्रचारको बारेमा चर्चमा विश्वासीहरूले कसरी रिपोर्ट वा खबर दिए भन्ने त्यस पुस्तकका पक्षलाई धेरैको ध्यान पुगेको देखिन्दैन।

चारवटा सुसमाचारका पुस्तकमा उल्लेख गरिएका सुसमाचार कसरी प्रचार भए भन्ने विवरणको आधारमा प्रेरितको पुस्तक लेखिएको हो। फेरि ती प्रचार भएका विवरणहरू गोप्य नराखी चर्चमा कसरी प्रस्तुत गरे भन्ने आधारमा त्यस पुस्तकमा लेखिएको हो। विश्वासीहरूले सुसमाचार प्रचारमा आफूहरू कसरी सरिक भएका थिए भनेर चर्चमा जानकारी गराउनु त्यस ताकाका चर्चको महत्त्वपूर्ण क्रियाकलाप थियो जसले गर्दा अरूलाई गवाही र सुसमाचार प्रचार गर्ने काममा हौशला मिलेका थिए। वर्तमान परिप्रेक्ष्यमा पनि हाम्रो चर्चमा के भइरहेको छ,

के योजना सफल भएको छ, के असफल भएको छ जस्ता जानकारी प्रत्येक विश्वासीले पाउने चर्चको सूचनाको हक हो।

सारा चर्च मिलेर आफ्ना चर्चका सुसमाचार प्रचार सम्वन्धी कार्यक्रमहरू तिनीहरूका चर्चक अगुवाहरूलाई कसरी जानकारी दिए भनेर हामीले यस अध्यायमा हेर्नेछौं। सुसमाचार प्रचारका कार्यक्रमहरू चर्चमा जानकारी गराउनु कत्तिको महत्त्वपूर्ण छ, र स्थानिय स्तरमा गवाही दिने र सुसमाचार प्रचारसम्वन्धी क्रियाकलापमा कसरी सुधार गर्ने भन्ने कुरा बुझाउने यस अध्यायको लक्ष्य हो।

## १. बाइबलको निति (प्रेरित ४:१-११)

वर्तमान परिप्रेक्षमा रिपोर्ट दिनु वा प्रतिवेदन प्रस्तुत गर्नु भन्दा धेरै तथ्य र चित्रहरू समावेश गरिएर चाँगका चाँग कागजहरू कुनै समूहको अगाडि प्रस्तुत गर्नु र ती प्रतिवेदनहरू पछि कतै थन्क्याएर धुलोको बीचमा हराउन दिनु भनेर बुझेकाछौं। यस्ता प्रतिवेदनहरूले कतिपय सुन्ने मानिसहरूलाई नियास्रो पनि पार्दछ। तर सुसमाचार र गवाही सम्वन्धी चर्चमा जानकारी गराउनु भनेको कसैलाई न्यास्रो पार्नलाई होइन, न त यो काम कुनै नौलो नै हो। यो बाइबल कै निति हो। जब चेलाहरू प्रचार गर्ने यात्राबाट फर्केर आए तब तिनीहरूले गरेका सबै क्रियाकलापहरू येशूलाई जानकारी दिएका थिए भनेर यस अध्यायको स्मरण गर्नुपर्ने पदमा उल्लेख गरिएको छ। आफ्ना अगुवालाई आफूले गरेका क्रियाकलापको कामको बारेमा जानकारी गराउने सुसमाचार प्रचारको महत्त्वपूर्ण पक्ष थियो भनेर त्यसले जनाउँछ।

“तपाईंले सुसमाचार प्रचार गर्नुभएको बारेमा चर्चमा खबर दिनुपर्छ" भन्ने खास पद बाइबलमा उल्लेख गरिएको छैन। तर परमेश्वरको बारेमा प्रचार गरिएका खबरहरू अगुवाहरूलाई दिएका थिए भन्ने प्रशस्त प्रमाण दुवै पुरानो र नयाँ करारमा पाउँछौं। चरणवद्धरूपमा भएका घट्नाहरूलाई टिपोट गर्नु पनि कामै हो। रिपोर्ट वा के के भइरहेको छ त्यसको बारेमा जानकारी दिन कसैले लेख्दछ। त्यसलाई तयार पार्दछ। अनि अरूले त्यस रिपोर्ट हेर्दछ। त्यसलाई राम्रोसँग अध्ययन गर्दछ। अनि त्यस रिपोर्टको आधारमा योजना बनाइन्छ र निर्णयहरू गरिन्छ।

**आफ्ना सहकर्मीहरूलाई पत्रुस र यूहन्नाले आफ्ना कामहरूको बारेमा जानकारी दिएका थिए। त्यो प्रेरित ४:१-३१मा उल्लेख गरिएको छ। केलाएर पढ्नुहोस्। अनि तिनीहरूले प्रस्तुत गरेका प्रतिवेदनको आधारमा चर्चले के निर्णय गरे? त्यसबाट हामीले के पाठहरू अहिले पनि सिक्न सक्दछौं?**

त्यस ताका सुसमाचार प्रचार गर्न अखवार, रेडियो, टेलिभिजन आदि थिएन। एकले अर्कोलाई सुनाएर येशूको बारेमा सुसमाचार प्रचार गर्ने नै अत्यन्त सरल तरिका थियो । कसैले धम्क्यार वा तर्साएर मुख वन्द गर्न खोजिएको आधारमा चुपचाप बसे भने सुरूका विश्वासीहरूले पाएका प्रभाव र जोश सिथिल हुन्थ्यो। तर अगुवा र विश्वासीहरू एकै ठाउँमा भेला भए। कहाँ कहाँ के के भइरहेका थिए, त्यसको जानकारी तिनीहरूले लिए। अनि सुसमाचार प्रचार गर्न कस्तो निति अपनाउनुपर्छ भनेर तिनीहरूले निर्णय गरे। यसरी सुसमाचार प्रचार गर्ने काममा अडिग हुन अगुवाहरूले पाएका जानकारीले सहयोग गरे।

फेरि अर्को महत्त्वपूर्ण विषयलाई हामीले छोड्नुहुन्न। ती विश्वासीहरूले प्रार्थना र बाइबल पनि पढिरहेका थिए। ती विश्वासीहरूको निम्ति प्रार्थना गर्नु र बाइबल पढ्नु कत्तिको महत्त्वपूर्ण रहेछ भनेर त्यस कथाले हामीलाई बताउँछ। आज पनि त्यस प्रक्रियालाई हामीले जारी राख्नुपर्दछ।

तिनीहरूले के के योजना बनाए भन्ने विस्तृत विवरण हामीसँग छैन। तर आफ्नो बिरूद्धमा धम्कि खेपेपनि येशूको बारेमा निरन्तररूपमा बोल्न नरोक्ने भनेर पद २९मा तिनीहरूले प्रतिवद्धता जनाएको पाइन्छ।

**इस्रायलीहरूका अगुवा र यहूदी विश्वासीहरूको सामु बाइबललाई उदृध गरेका थिए। विश्वास र गवाहीमा मजबूत हुन बाइबल अध्ययन कत्तिको महत्त्वपूर्ण रहेछ भनेर त्यसले देखाउँदछ। तपाईंको जीवनमा बाइबलप्रतिको मोह कत्तिको छ? (यसको जवाफः तपाईंले बाइबल पढ्न कति समय दिनुहुन्छ त्यसैले दिन्छ)।**

## २. "परमेश्वरले के गर्नुभयो" (प्रेरित २१:१९-२५)

एक आपसमा सम्पर्क राखिछौड्यौं भने त्यसले एकतालाई जारी राख्छ भन्ने कुरा हामी सबैलाई थाहा छ। सुझबुझको बातावरण जारी राख्न असल कुराकानी भइरहनुपर्छ भनेर हामीले हाम्रो जीवनको विभिन्न

पक्षहरूबाट सिकेकाछौं। सुसमाचार प्रचारमा चर्चमा के भइरहेको छ, चर्चका विश्वासीहरूले के गरिरहेकाछन् सोको जानकारी चर्चको परिवारले थाहा पाउनुपर्दछ। चर्चका क्रियाकलापहरूलाई निरन्तररूपमा जानकारी दिनु असल सञ्चारको प्रमूख भाग हो। विभिन्न चर्चहरूमा विभिन्न क्रियाकलापहरू भइरहेका हुन्छन्। तर कतिपयले खाली काममा संलगन हुनेहरूलाई मात्र आफ्नो सेवाकार्यको बारेमा थाहा भइरहेको हुन्छ। यसले गर्दा विश्वासीहरू बीच गुपचुपको बातावरण खडा हुन्छ। विश्वासीहरूले के गर्छन् अगुवाहरूलाई मतलब छैन भन्न लुकिएका खिन्न भावनाले विश्वासीहरूलाई पिरलेको हुन्छ। यसले विश्वासीहरूमा भएको जोश र जाँगरलाई सेलाइदिन्छ। चर्चले गरेका काम, योजना र लक्ष्यहरू र तिनीहरूको नतिजालाई अगुवाहरूले विश्वासीहरू समक्ष नल्याउँदा विश्वासीहरूको मुख तालिन्छ। यस्तो स्थितिमा चर्चको बातावरण चिसो हुनजानुमा अचम्म मान्नुपर्दैन।

**प्रेरित २१:१९-२५ पढ्नुहोस्। प्रेरित पावलको मिशन रिपोर्ट सुन्दा चर्चका विश्वासीहरूको प्रतिक्रिया कस्तो थियो? त्यो जानकारी असल थियो, तर विश्वासीहरूको बीचमा केहि मतभेद पनि भएका थिए। तिनीहरूको समस्या के थिए? पावलले कसरी जवाफ दिए? आज पनि हामीले त्यसबाट के सिक्न सक्दछौं? १ कोरन्थी ९:१९-२३ पनि पढ्नुहोस्।**

आफ्नो मिशिनेरी यात्रामा गैर-यहूदीहरूलाई सुसमाचार प्रचार गर्दा परमेश्वरले कसरी आशिष दिनुभयो भन्ने जानकारी येरुशलेममा फर्किएपछि पावलले याकूब र अरू चर्चका अगुवाहरूलाई सुनाएका थिए। जव पावलले सुसमाचार प्रचारको बारेमा प्रगति विवरण पेश गरे तब चर्चका अगुवाहरूले परमेश्वरको स्तुति गरेर प्रतिक्रिया जनाए।

पावलले सुनाएको प्रगती प्रतिवेदनमा पनि कसैले असहमत जनाएका थिए। उनको कामको बारेमा कतिलाई अन्यौलता त भएकै थियो।

**अरूलाई सुसमाचार सुनाउन असल कदमहरू के के हुन् भन्ने कुरामा आजपनि सहमती र असहमतीको सामना गरिनै रहेकाहुन्छौं। त्यस सन्दर्भमा तपाईंको चर्चले के संघर्ष गरिरहेको छ? तपाईंको चर्चले सामना गरिरहेको समस्यालाई सघाउन तपाईंले के गर्न सक्नुहुन्छ?**

## ३. सुसमाचारको क्रियाकलापबारे जानकारी दिनु किन महत्त्वपूर्ण छ? (प्रेरित ८:४)

कतिपय चर्चका अगुवा र सुसमाचार प्रचारकहरूले आफूले गरेका कामहरू रत्यसको नतिजालाई चर्चलाई जानकारी दिन त्यस्तो चासो देखाइएको पाइन्दैन। यसले गर्दा चर्चका विश्वासीहरूलाई कहाँ के भइरहेको छ सो थाहा हुँदैन। अनि भइरहेको काममा सघाउन चाहेपनि तिनीहरूले सघाउन सकेका हुँदैन। हामीहरूको व्यस्त जीवनमा के महत्त्वपूर्ण छ त्यसलाई सूची बनाएर त्यसकै आधारमा हामी काम गर्दछौं। समय खेर जाने कुरामा हामी ध्यान दिंदैनौं। त्यसकारण चर्चले गरेका कामहरू महत्त्वपूर्ण छ भने चर्चका विश्वासीहरूले थाहा पाउनु पर्दछ र ती कामका नतिजाहरूलाई पनि मूल्याङ्कन गर्न तिनीहरूलाई अवसर मिल्दछ।

हचुवाको भरमा के भइरहेको छ सो जानकारी दिने र सुसमाचार प्रचार गर्दा र गवाही दिंदा मानिसका हृदयहरू कसरी पग्लिए भनेर हौशला दिने खालका जानकारीको बीचमा केहि भिन्नता छ नै। सुसमाचार प्रचारमा उत्साहित दिने खालका सच्चा रिपोर्ट बनाउने र दिने चर्चको क्रियाकलापमा भाग लिनेको कर्तव्य हो। हौशला दिने खालका रिपोर्ट सुन्दा श्रोताहरूले पनि चर्चको सफलताप्रति खुशी मनाउन अवसर पाउँदछ।

मानौं प्रेरितको पुस्तकमा चेलाहरूले गरेका कामहरूको बारेमा दिइएका सबै रिपोर्टहरूलाई हटाइयो रे! देहायका पदहरूमा दिएका जोशिलो र उत्साहप्रद संदेशको अर्थ के हामीले पाउँछौं र, हेर्नुहोस्ः प्रेरित ५:१४, ८:४: ११:२१ र १४:२१?

प्रेरितको पुस्तकमा अचम्म तरिकाले चर्च बढेको वयान उल्लेख गरिएको छ। तर चर्चको वृद्धि आफसेआफ त्यसै भएको थिएन। सफलताको लागि येशूले दिनुभएको प्रतिज्ञा, पवित्र आत्माको अगुवाइ र विश्वासीहरूको कडा परिश्रमको नतिजाले चर्च द्रुतगतिमा वृद्धि भएको थियो। आफ्ना लक्ष्यहरूलाई तिनीहरूले नजिकैबाट ध्यान दिएका थिए। परमेश्वरको निम्ति के गर्न चाहेको र त्यस चाहनामा पुग्न कुन् उत्तम प्रयास गर्नुपर्छ भन्ने कुरामा ती विश्वासीहरू एकमत भएका थिए। सुसमाचार प्रचार गरिन्दा धेरै पुरुष र महिलाहरूले येशूलाई ग्रहण गरेका थिए र तिनीहरूले वप्तिस्मा लिएका थिए। यो जानकारी प्रेरितको

पुस्तकमा दिएकोले नै हामीलाई थाहा भएको हो। सुरूको चर्चमा विश्वासीहरू बढ्नुको अर्थ चर्चका सदस्यहरू येशूका अगाढ भक्त थिए भनेर देखाउँछ। विश्वासमा खेलाचीँ नगरि तिनीहरूले चेलाका भूमिका निभाएका थिए। चर्चको क्रियाकलापमा जतिसक्यो त्यत्ति विवरण दिनु कतिको महत्त्व रहेछ भनेर प्रेरितको पुस्तकमा देखाएको हो। विश्वासीहरूले दिएको रिपोर्टको नतिजा पनि कत्तिको महत्त्वपूर्ण छ भनेर त्यस पुस्तकले देखाएको छ। विश्वासीहरूले के के गरे भनेर विस्तृत विवरण दिनुभन्दा पनि प्रचार गर्दा र गवाही दिँदा के नतिजा भयो भन्ने खवर बाइबलले उल्लेख गरेको हामी पाउँछौँ।

सुरूका मिसिनेरी वा प्रचारकहरू जहाँ जहाँ जान सक्यो त्यहाँ त्यहाँ गएका थिए। तिनीहरूले येशू र उहाँको राज्यको बिषयमा प्रचार गरेका थिए। हामीले पाएको जानकारी र त्यसको परिणामले हामीलाई यो पनि अनुमान गर्न सक्छौँ कि जहाँ जहाँ प्रचार गरियो त्यहाँ मानिसहरूलाई येशूलाई ग्रहण गर्न जोशका साथ आह्वान गरिएको थियो। त्यसबेलाका चेलाहरूले दिएका प्रवचन र आह्वानहरूले श्रोतावर्गहरूमा कडा प्रभाव परेको थियो। त्यसको परिणामले चर्चको अभूतपूर्वक बृद्धि भएको थियो। प्रेरितको पुस्तकमा त्यस बारे राम्रोसँग चर्चा गरिएको हामी पाउँछौँ।

**सुसमाचार प्रचारको प्रयासमा मानिसहरू कसरी येशूमा विश्वास गर्न पुगे भन्ने कथाहरू सुन्दा हामी सबैलाई उत्साहित बनाउँदछ। तर कहिलेकाहिँ हामीले गरेको कार्यक्रम राम्रोसँग चलेन रे, हाम्रा योजनाहरू असफल भए रे, हामीले गरेका कामहरूको परिणाम सकारात्मक देखिएन रे, त्यसबेला हामी के भन्ने? त्यसबेला हामीहरूको जवाफ कस्तो हुनुपर्दछ? त्यसबारे सोच्नुहोस्।**

## ४. रिपोर्ट दिनु र प्रोत्साहन (गन्ती १३:१७-३३)

कुनै राम्रो कुरामा हामी विश्वास गर्छौं वा काम गर्छौं भने त्यसको बारेमा हामी चर्चा गर्छौं। त्यो विश्वास वा काम किन गर्‍यो भनेर कारणहरू पनि बताउँछौँ। हामीले गरेको विश्वास वा काममा अरू पनि आकर्षित होउन् भन्ने चाहनाले नै हामी चर्चा गर्छौं। त्यहि सन्दर्भमा जब हामी रिपोर्ट पेश गर्छौं तब हामीहरूको रिपोर्टले अरू प्रभावित होउन् भनी हामी चाहन्छौँ। बिनाकारण कसैलाई पनि हामीले

गरेको क्रियाकलापको बारेमा विवरण पेश गर्दैनौं। हुनसक्छ, जब हामी कुनै समितीमा रिपोर्ट पेश गर्छौं तर त्यसले अझ बढि आर्थिक सहायता देओस् भनी हामी चाहन्छौं। वा कुनै आयोजना खारेज होस् अर्थात् अगुवा हटाइयोस् भन्ने मनशायले पनि हामी प्रतिवेदन पेश गर्न सक्छौं। हामीहरूले दिएको रिपोर्टमा समितीका मानिसहरू प्रभावित होउन् भनि चाहना गर्नु स्वभाविकै हो। तर कहिलेकाहिँ केवल लिखित प्रतिवेदनको आधारमा मात्र निर्णय गर्दा त्यो सधैं असल निर्णय हुनै पर्छ भन्ने छैन। त्यसकारण हामीले जे जानकारी दिन्छौं त्यो इमान्दारी र सहि हुनुपर्दछ।

**इस्रायलीहरूले बाऱ्ह जनालाई कनान देशमा जासुस गर्न पठाएका थिए। बाऱ्है जनाले एउटै कुरा देखे थिए। तर जब त्यो देशको बारेमा इस्रायलीहरूलाई जानकारी दिँदा दश जनाले दिएको खवर र दुई जनाले दिएको खबर बाझिएको थियो। त्यो किन भयो त? हेर्नुहोस् गन्ती १३:१७-३३। त्यस विवरणबाट आज पनि हामीले के पाठ सिक्नुपर्छ?**

इस्रायलीहरूले निश्चयनै कनान देश कव्जा गर्न सक्नेछ भनेर परमेश्वरले तिनीहरूलाई वचन दिनुभएको थियो। त्यो देश कव्जा गर्न त्यस देशको वस्तुस्थिति थाहा पाउन बाऱ्ह जना जासुसहरूलाई त्यहाँ पठाइएको थियो। परमेश्वरको कुराम दस जना जासुसहरूले विश्वास गरेन। त्यसकारण तिनीहरूले त्यो देशको बारेमा नराम्रो रिपोर्ट दिए। तर यहोशू र कालिबले भने त्यो देश असल देश हो, त्यसकारण तुरन्तै कव्जा गरौं भनेर इस्रायलीहरूलाई आह्वान गरेका थिए (पद ३०)। तर दस जनाले त्यो देशको बारेमा अनेकन् समस्या देखाएर इस्रायलीहरूलाई निरुत्साह पारेका थिए र मीश्र देशमै फर्केर जाऔं भनेर पनि तिनीहरूले उक्साएका थिए।

जब हामी कुनै रिपोर्ट पढ्छौं तब त्यसमा परमेश्वरको इच्छा र आशिषलाई सर्वोपरी मानेर हेर्नुपर्छ। हामीले कस्तो राम्रो काम गरिरहेकाछौं भनेर मात्र हामी रिपोर्ट दिने होइन तर परमेश्वरको इच्छालाई हामीले कसरी राम्रोसँग पालन गरिरहेकाछौं भनेर पनि देखाउनुपर्दछ (मत्ती ७:२१ हेर्नुहोस्)। अरू चर्च भन्दा हामीले राम्रो गरिरहेकाछौं भनेर हाम्रो सफलतालाई अभिमानपूर्वक हेर्नु सधैं खतरा हुन्छ भन्ने कुरालाई हामीले कहिलै पनि विर्सनुहुन्न। परमेश्वरको काममा अरूसँग प्रतिस्पर्धा गर्ने बानी बुद्धिमानी होइन। हाम्रो चर्चको निम्ति

परमेश्वरको इच्छा र साथै उहाँको अगुवाइलाई पनि पन्छाएर हामीहरूको सफलताप्रति बढि चासो देखाएर चर्च वा समितीको सामु हामी रिपोर्ट पेश गर्नसक्छौं।

सुसमाचार सुनाउने नयाँ नयाँ कार्यक्रमहरू बनाउने तरखरमा परमेश्वरको इच्छालाई नभुल्ने चुनौति हामी सबैको काँधमा भएको महशूस गर्नुपर्छ। कनान देश कव्जा गर्ने रिपोर्टमा यहोशू र कालेबले पनि समस्याहरू देखेका थिए। तर परमेश्वरको इच्छा के थियो सो तिनीहरूलाई स्पष्ट थियो। इस्रायलीहरूलाई यहोशू र कालेबले बुझाएको रिपोर्टको महत्त्वपूर्ण भागमा कनान देशलाई कव्जा गर्न सम्भव छ भनेको थियो। उनीहरूको कुरामा परमेश्वरको इच्छा समावेश भएको थियो भने अरू दस जनाको रिपोर्टमा परमेश्वरप्रतिको विश्वास समावेश भएको थिएन। ती दस जनाको नकारात्मक रिपोर्टले इस्रायलीहरू यस्तरी निराश भएकी तिनीहरू मीश्रमै फर्कनु असल हुन्छ भनेर विश्वास गरेका थिए।

**विश्वासद्वारा जीउने, परमेश्वरको बाचाहरूलाई दावी गर्ने र साथै उहाँको अगुवाइमा ससङ्कित भएर आफ्नै ढिपीमा चल्ने आचरणलाई हामीले कसरी सन्तुलनमा राख्ने? हाम्रो आफ्नै कुरालाई जितेर चल्ने नियतलाई भन्दा परमेश्वरको अगुवाइलाई प्राथमिकता दिएर हामी कसरी चल्ने?**

## ५. परमेश्वरलाई महिमा, प्रसंशा र श्रेय दिनु (प्रेरित ११:१-१८)

कतिपय मानिसहरूले आफूले सफलतापूर्वक गरेको परमेश्वरको कामलाई गुपचुप राख्न चाहन्छन्। “यदि चर्चलाई हामीले गरेका कामहरूको बारेमा जानकारी दियौं भने हामी अहँले फुल्न सक्छौं, हामीमा घमण्ड चढ्न सक्छ" भनेर तिनीहरूले सुसमाचारको सफल प्रयासलाई सुनाउन चाहँदैन। तर, यथार्थमा विश्वासीलो, भरपर्दो सराहनीय रिपोर्टहरू पेश गर्दा परमेश्वरको महिमा हुन्छ। परमेश्वरको काममा सफल भएको कुरा चर्चलाई जानकारी दिइयो भने विश्वासमा चर्च झन बलियो हुन्छ। अनि परमेश्वरको निम्ति कामलाई अझ निरन्तरता दिन सबैलाई हौशला मिल्दछ। तर कुनै रिपोर्ट कुन नियतले पेश गरेको हुन्छ त्यसमा पनि भर पर्दछ। आफ्नो भाऊ खोज्न वा आफू कतिको सक्षम् छु भनेर कतिपय विश्वासी वा अगुवाले चर्चमा वा समितीमा रिपोर्ट प्रस्तुत गरेको हामी पाउँछौं। फुलाएर वा बनावटी

रिपोर्ट सुन्दा विश्वासीहरूको हृदयमा चिसो हुनु स्वभाविकै हो। तर, कसैको त्यस्तो निति छ भन्दैमा विश्वासीहरूद्वारा परमेश्वरले कस्तो शक्तिशाली काम गर्नुभयो भन्ने कुरा इमान्दारी र नम्र विश्वासीहरूले जानकारी दिन रोक्नु हुन्न। परमेश्वरको निम्ति गवाही दिने र उहाँको प्रचार गर्ने सामर्थ मानिस आफैबाट नभएर उहाँबाट नै हो भनेर प्रत्येक सच्चा येशूभक्तले विश्वास गर्नुपर्छ। यदि नम्र भएर र मानिसहरूप्रति प्रेमले उत्साहित भएर कसैले सच्चा रिपोर्ट पेश गर्छ भने त्यसले चर्चका विश्वासीहरूमा ठूलो प्रेरणा हुन्छ। त्यसले परमेश्वरको काममा अझ बढि संलगन हुन चर्चको अरू विश्वासीहरूलाई हौशला प्रदान गर्दछ।

**पत्रुसले अन्य जातिहरूको बीच आफूले गरेको काम येरुशलेम चर्चका अगुवाहरूलाई जानकारी दिएका थिए। पत्रुसको रिपोर्ट सुनेपछि त्यस चर्चका अगुवाहरूको प्रतिक्रिया कस्तो थियो? हेर्नुहोस्ः प्रेरित ११:१-१८। त्यहाँ के निति वा मार्गदर्शनहरू प्रस्तुत गरेका छन् जुन वर्तमान परिप्रेक्ष्यमा हामीलाई पनि लागु हुनसक्दछ?**

यहूदी जात भन्दा अन्य जाति वा गोराहरूलाई पनि येशूको बारेमा सुसमाचार सुनाएको र गवाही दिएकोमा कतिपय विश्वासीहरूले पत्रुस र अरूहरूको ठूलो आलोचना गरेका थिए। येशूधर्म यहूदी राष्ट्र भन्दा बाहिर जानुहुन्न भनेर येरूशलेमका विश्वासीहरूको दावी थियो। तर जब पत्रुसले मन खुलाएर येरुशलेम चर्चमा सहि रिपोर्ट पेश गरे र आफ्नो स्पष्टिकरण दिए तब चर्चका अगुवा र विश्वासीहरूले उनलाई आलोचना गर्न छोडे। अरू जाति वा अरू राष्ट्रका मानिसहरूले पनि सुसमाचार सुन्ने अधिकार पाएको रहेछ भनेर थाहा पाएपछि तिनीहरूले परमेश्वरको महिमा गरे।

पत्रुसको समयमा के के विषयहरूको बारेमा समस्याहरू खडा भएका थिए भन्ने कुरा हामीले आज बुझ्न सजिलो छैन। सुसमाचार कुनै एक जातको पेवा होइन। चाहे यहूदी होस् वा गैर-यहूदी होस्, सुसमाचार सुन्ने हक यस संसारमा प्रत्येक व्यक्तिको छ, यहूदीहरूलाई पहिला मौका दिएतापनि (रोमी १:१६)। सबै चेलाहरूलाई थाहा थियो। तर गैर-यहुदी जातिको सामु सुसमाचार फैलाउनु भनेको यहूदी बिचारमा आमूल परिवर्तन ल्याउने काम हो भनेर प्रेरितको पुस्तकले देखाएको छ। तर परमेश्वरले कसरी अगुवाइ गर्नुभयो र आशिष दिनुभयो भनेर पत्रुसले रिपोर्ट गरेपछि चर्चका विश्वासीहरूबीच नयाँ

वौद्धिकता पहलायो। सारा संसारका मानिसहरूले मुक्ति पाउन् भन्ने परमेश्वरको चाहना रहेछ भनेर तिनीहरूले बुझे। येशूलाई यहूदी घेराबाट फुट्काउने अवसर पत्रुसको गवाहीले दिएको थियो। सारा संसारका प्रत्येक व्यक्तिले मुक्ति पाउन् भन्ने परमेश्वरको योजना सुरूदेखि नै थियो (एफिसी १:१-४, यशैया ५३:६, हिब्रू २:९, यूहन्ना ३:१६)।तर परमेश्वरको त्यो मनशाय बुझ्न चेलाहरूलाई केहि समय लागेको थियो।

प्रेरित ११:१-१८मा पत्रुसले प्रस्तुत गरेको रिपोर्ट पढ्न केवल दुई मिनेटमात्र लाग्छ। त्यसकारण पढ्नुहोस्। (त्यसमा कसरी एक पाश्चात्य रोम देशका गोरा सिपाहिँ हाकिमले परमेश्वरबाट दर्शन पाएर पत्रुसलाई बोलाउन पठाएको, पत्रुसले यहूदी भन्दा अरू जातिहरू म्लेच्छ वा अशुद्ध जनावर जस्तै ठानेका दर्शन र त्यस हाकिमकहाँ पत्रुसले सुसमाचार सुनाएपछि त्यस हाकिम र उनका आफन्तहरूले गरेको परमेश्वरको महिमा र जसको फलस्वरूप तिनीहरूलाई पत्रुसले दिएको वप्तिस्माको बारेमा उल्लेख गरेकाछन्)। पत्रुसले चर्चका अगुवा तथा विश्वासीहरूलाई आफ्नो कामको बारेमा जानकारी दिने बित्तिकै त्यसलाई सबैले स्विकारे भन्ने छैन। तिनीहरूको बीचमा कति छलफल भयो होला, कति जिज्ञासाहरू प्रस्तुत भए होला, कति सवालजवाफ भए होला, कति समय लियो होला, ती कुराहरूलाई हामीले सजिलैसँग अनुमान गर्न सक्छौं। आफ्नो भाऊ देखाएर पत्रुसले प्रतिवेदन प्रस्तुत गर्न सक्थ्यो र सबैको स्यावाशी पाउन सक्थ्यो। तर पत्रुसले त्यो निति लिएन। जे जति भयो सबैको श्रेय परमेश्वरलाई नै दिइयो। उहाँको महिमा गरियो। अनि सारा संसारमा गएर सुसमाचार प्रचार गर भन्ने येशूको निर्देशन चर्चका अगुवाहरूले राम्रोसँग बुझ्न सके। पत्रुसको रिपोर्टले सबैलाई उत्साहजनक हौशला मिलेको थियो।

## उपसंहार

**थप जानकारीः तपाईंले गर्नुभएको सेवाकार्यलाई चर्च तथा विश्वासीहरूलाई जानकारी गराउनु**

तपाईंले के गरिरहनुभएको छ सो अरूले थाहा पाउनुपर्छ भनेर हामीले यस अध्यायमा पढ्यौं। चर्चमा कतिजना आए भन्ने रेकर्ड थाहा दिनु, आर्थिक विवरणहरू चर्चमा प्रस्तुत गर्नु चर्चको आवश्यक मर्यादा हो। तर चर्चको बोर्डमा र सुसमाचार प्रचार गर्ने समूहमा तपाईंले के

गरिरहनुभएको छ त्यसको जानकारी दिनु पनि महत्त्वपूर्ण मानिनु पर्दछ। आफूले गरेको कामलाई गुपचुप नराखी अरूको सामुने बोल्न सकै त्यसले सुन्नेको हृदयमा कुनै न कुनै रूपमा छुन सक्दछ। र साथै विस्तृत रूपमा लेखिएका लिखित रिपोर्ट पनि बुझाए असल हुन्छ भन्ने कुरालाई आत्मसात् गर्नुपर्दछ।

तपाईंले गरेका कामहरूको बारेमा अरूलाई जानकारी दिए तपाईंको सेवाकार्यमा अरूले पनि चासो देखाउन सजिलो हुन्छ। त्यसमा तिनीहरू पनि सहभागी हुन सजिलो हुन जान्छ। भविष्यमा गरिने योजना र कुन् लक्ष्यलाई लिएर अगाडि बढ्ने भन्ने कुरामा सुधार गर्दै लैजान पनि तपाईंको रिपोर्टले सघाउँछ।

तपाईंको रिपोर्टमा चर्चको सुसमाचार प्रचार गर्ने नितिसँग बाँझिनु हुन्न। त्यसमा चनाखो हुनुहोस्। तपाईंको भाऊ खोज्न वा कुनै गुट वा उपगुट बनाउने मनशायले रिपोर्ट पेश गर्नुहुन्न। तर तपाईंले जे गर्नुहुन्छ त्यो चर्चकै योजना मुताविक र चर्चको दायरा बसेर काम गर्नुभएको हो भन्ने आभास चर्चका अगुवा र विश्वासीहरूलाई दिनुपर्छ। चर्चको लक्ष्य पूरा गर्न तपाईंले योगदान दिन चाहनुहुन्छ भनेर सम्झाउनुहोस्।

रिपोर्ट बनाउने र प्रस्तुत गर्ने काममा आफूलाई चुनौति दिनुहोस्। तपाईंको चर्चमा परमेश्वरको इच्छा के हो, त्यसमा तपाईं कत्तिको ध्यान दिनुभएको छ? सुमाचार सुनाएर अरूहरूलाई मुक्तिको बाटो देखाउने चासो तपाईंको कत्तिको छ?

**चिन्तनमनन्:**

अ. नराम्रो कुरालाई कसरी जानकारी दिने? हामीले अनुभव गरेका सफलताहरूको बारेमा कुरा गर्नु स्वभाविकै हो। सबै मानिसले हरेक दिन आफ्नो राम्रोको बारेमा अरूलाई सुनाउँछन्। तर प्रचार गर्ने काममा भएका तितामिठा कुराहरूलाई कसरी बाँड्ने? चर्चको कार्यनितिले काम गरेको छैन भन्ने कुरा थाहा पाए हामीले के गर्ने? त्यसको बारेमा कसरी मूल्याङ्कन गर्ने र छलफल गर्ने जसले गर्दा आवश्यक सुधार गरिन सक्दछ? सफलतामा परमेश्वरलाई जस दिइन्छ भने असफलताको दोष कसलाई दिने? यसबारे सोच्नुहोस्।

आ. अरू जाति, रंगहरूको बीचमा पनि सुसमाचार सुनाउनु पर्ने रहेछ भन्ने आत्मज्ञान यहूदी इसाई विश्वासीहरूले कसरी पाए भनेर पाँचौं बुँदामा हामीले छलफल गरेका थियौं। यहूदी धर्मको परम्परा तोड्न यहूदी इसाईहरूलाई समय लागेको थियो, अर्थात् परमेश्वर सबैको साझा परमेश्वर हो भन्ने कुराको ज्ञान पाउन तिनीहरूको धारणामा आमूल परिवर्तन गर्नुपरेको थियो। तपाईंको चर्चको वरिपरि रहेका समाज, संस्कार र संस्कृतिलाई हेर्नुहोस्। सुसमाचार सबैको निम्ति हो भनेर हामीले प्रचार त गरौंला। समाज र तिनीहरूको संस्कारप्रति पूर्वाग्रह हटाउन हामीमा कस्तो परिवर्तन हुनुपर्छ? सुरूका यहूदी इसाईहरूलाई पनि अरू जाति, संस्कार जस्ता पूर्वाग्रहले सताएका थिए। तर तिनीहरूले त्यसलाई कसरी जिते?

इ. विश्वासी वा चर्चले गरेका प्रचारप्रसारको कार्यक्रम गुपचुप नराखी सबैलाई जानकारी गराउनुपर्छ भनेर हामीले यस अध्यायमा पढ्यौं। तर कुन परिस्थितिमा कस्तो रिपोर्ट दिने त्यसको बारेमा पनि सोच्नुहोस्। हामीहरूको रिपोर्ट सच्चा, इमान्दारी हुनुपर्दछ र हामीहरूले श्यावासी पाउन तोडेर मोडेर खराब नियतसाथ रिपोर्ट पेश गर्नुहुन्न भन्ने कुरालाई हामीले कसरी ख्याल गर्ने? चर्चमा कतिवर्षसम्म काम गरे वा चर्चलाई कतिको योगदान दिएँ भनेर अरूलाई देखाउन पनि रिपोर्ट बनाउन कतिको सजिलो हुन्छ? आफ्नो भाऊ खोज्न रिपोर्ट पेश गर्दा आफ्नै मूर्खपनालाई कसरी सजिलैसँग उदाङ्ग पारिन्छ?